कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र पाँचथर

फिदिम, पाँचथर

प.सं.- २०८३/८४

सूचना नं.-५

अनुसूची-९

(परिच्छेद ४ को ४.२.९.१ (क) सँग सम्बन्धित)

सुन्तला ब्लक विकास कार्यक्रमको निरन्तरता प्रस्ताव आव्हान सम्बन्धी सूचना !!!

(दोस्रो पटक प्रकाशित मितिः-२०८३/०८/०२)

कृषि ज्ञान केन्द्र पाँचथरको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक संघीय सशर्त कार्यक्रम (राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम) सुन्तला ब्लक विकास (निरन्तरता) कार्यक्रम तोकिएको क्षेत्रमा सञ्चालन गर्नुपर्ने भएका हुँदा इच्छुक कृषि सहकारी, कृषि समुह, जल/वन उपभोक्ता समिति, कृषि फर्म वा कम्पनीहरुले यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले **७ औं दिन भित्र** (मिति २०८३/०८/०८ गते) कार्यालय समय भित्र कृषि ज्ञान केन्द्र, पाँचथरमा तोकिएको ढाँचा **(अनुसूची-१०) अनुसार आवेदन** दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप रित नपुगी वा म्याद नाघि आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

कार्यक्रमको बिवरण

सि.नं.	कार्यक्रमको नाम	अधिकतम अनुदान प्रतिशत	प्रस्ताव पेश गर्न सक्ने साझेदार	कार्यक्रम लक्ष्य	ब्लक सञ्चालन कार्यक्षेत्र
१	राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सुन्तला ब्लक विकास निरन्तरता कार्यक्रम	परियोजना कार्यान्वय म्यानुअल, २०७७ (पहिलो संशोधन २०८१) बमोजिम हुनेछ।	कृषि सहकारी, कृषि समुह, जल/वन उपभोक्ता समिति, कृषि फर्म वा कम्पनीहरु	१	फालेलुङ गाँउपालिका वडा नं. ७ को पूर्वमा-नाम्फुङ डाँडा उत्तरमा- हेवा खोला दक्षिणमा- फासेबुङ फालेलुङ गाँउपालिका वडा नं. ८ को पश्चिममा- बाँसबोटे उत्तरमा- हेवा खोला (थिपुक) दक्षिणमा – थिङमेरु लिगिङ्वा बीचको क्षेत्र

आवेदनका साथ पेश गर्नु पर्ने कागजातहरुः-

१. कृषि समुह/ कृषि फर्म/ कृषि सहकारी /समिति/ कम्पनी दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।

२. अनुसूची-१० अनुसारको आवेदन पेश गर्ने ।

३. सम्बन्धित संस्थाको स्थाइ लेखा नं. (पान नं.)/ VAT तथा आ.व.२०८२/०८३ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

४. कृषक समुह/ कृषि सहकारी, फर्म, समिति आदी ले प्रति आवेदन रु.२००।– को भौचर नेपाल बैंक लि. को खाता नं. २७००२०००००१००१०००००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०२०११ मा आवेदन दस्तुर बापत जम्मा गरि सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. संस्थाको कार्य समिति बैठक निर्णय र अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि ।

६. संचालकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

७. स्थानिय तह कृषि शाखा र वडाको सिफारिस पत्र ।

८. कार्य योजना लागत बिवरण निर्णय सहित पेश गर्ने ।

नोटः- थप जानकारीको लागि कृषि ज्ञान केन्द्र पाँचथरको सम्पर्क नं. ०२४५२२१३०/ ९८५२६८२४६८/ ९८४१६१६६०० वा कार्यलयको वेभसाइट panchthar.akc.gov.np बाट आवश्यक सूचना, फारमहरु डाउनलोड गर्नुहुन। तथा परियोजना कार्यान्वयन म्यानुअल, २०७७ डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

सिन्धुरि देवकोटा

कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, पाँचथर

सूचना नं.-४, २०८३/०८४ फिदिम, नेपाल

प्रस्ताव आह्वान सम्बन्धि सुचना।

(दोस्रो पटक प्रकाशित मिति २०८३/०८/२)

कृषि ज्ञान केन्द्र, पाँचथरको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८", प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (चौथो संशोधन) मापदण्ड २०८३ र कृषि प्रसार कार्यक्रम सञ्चालन (चौथो संशोधन) नर्म्स २०८३ बमोजिमका शर्तहरु पालना गरि तपसिलका कार्यक्रम कार्यन्वयनका लागि (प्रथम पटक सूचना प्रकाशित हुँदा पर्याप्त प्रस्ताव नआएको कारण) पाँचथर जिल्ला भित्रका ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/ कृषि उद्यमी/ कृषि फर्महरुबाट यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** (२०८३/०८/०८ गते) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन ।

कार्यक्रम सम्बन्धी विवरण

क.सं.	कार्यक्रमको नाम	कार्यक्रम लक्ष्य	उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत प्रति कार्यक्रम	प्रस्ताव पेश गर्न सक्ने साझेदार	बजेट (लाखमा)
१. व्यवसायिक फलफूल बाली प्रवर्द्धन आयोजना					
३.२	सुन्तलाजात बगैचा व्यवस्थापन एवं सुदृढीकरण कार्यक्रम	४	लागतको अधिकतम ७५% बढीमा १ लाख	कृषक समुह/ कृषि सहकारीको (१० रोपनी क्लस्टर हुनु पर्ने)	पाँचथर जिल्ला भरी
२. कृषि यान्त्रिकरण प्रवर्द्धन सहयोग आयोजना					
५.१	धान मकै गहुँ लगायत रोप्ने/ गोड्ने मेशिनरी तथा Attachments खरिदमा अनुदान कार्यक्रम	१	लागतको अधिकतम ५०% बढीमा ८ लाख	कृषक समुह/ कृषि सहकरी/निजि उद्यमि फर्म तथा व्यक्तिहरु	पाँचथर जिल्ला भरी

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

१. कार्यालयबाट तोकिएको ढाँचा बमोजिम आवेदन र प्रस्तावना।
२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) ले प्रति आवेदन रु. २०० को भौचर नेपाल बैक लि. को खाता नं. २७००२०००००१००१०००००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०२०११ मा आवेदन दस्तुर बापत जम्मा गरि सोको सकल भौचर पेश गर्नु पर्नेछ।
३. सम्बन्धित कृषक समुह/संस्था/फर्म को दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. समुह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. कृषि सहकारी/निजि उद्यमी/कम्पनिको हकमा गत आ.व. २०८२/८३ को लेखा परिक्षण प्रतिबेदनको प्रमाणित प्रतिलिपि ।
६. स्थानिय तहको कृषि विकास शाखाको सिफारिस।
७. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनी पुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गा खेति भएमा ५ वर्ष र स्थाई संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतानामा।
८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र र बैठक निर्णयको प्रतिलिपि ।
९. आवेदकले दोहोरो पर्ने गरि यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र।
१०. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाण पत्रको प्रतिलिपि।

नोटः- थप जानकारीका लागी कृषि ज्ञान केन्द्र पाँचथरको सम्पर्क नं. ०२४५२२१३०/ ९८५२६८१४६८/ ९८५२६८२४६८ वा कार्यालयको वेभसाइट panchthar.akc.gov.np बाट आवश्यक फारमहरु र कार्यविधि डाउनलोड गरी हेर्न सकिनेछ साथै आवेदकले बिगत ३ वर्षमा बिभिन्न सरकारी निकाय/ कार्यालयहरु र अन्य आयोजनाबाट ५ लाख वा सो भन्दा बढी अनुदान प्राप्त गरेको देखिएमा आवेदकहरुको प्रस्तावना आवेदन दर्ता नहने समेत जानकारी गराइन्छ ।